# सांस्कृतिक संस्थान

(राष्ट्रिय नाचघर)

जमल, काठमाडौ

## सूचना

प्रकाशित मितिः २०८३/०२/१३

सांस्कृतिक संस्थान को क्यान्टिन सेवा सञ्चालनका लागि इच्छुक तथा योग्य फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।दरभाउपत्र पेश गर्न इच्छुक पक्षहरूले आवश्यक कागजात सहित मिति २०८३/०२/१९ गते कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि संस्थानको वेबसाइट www.sanskritiksansthan.gov.np मा हेर्न सकिनेछ । साथै कार्यालय समयमा संस्थानको कार्यालयमा सम्पर्क गरी थप जानकारी लिन सकिनेछ ।

**सांस्कृतिक संस्थान**

काठमाडौं, नेपाल

महाप्रबन्धक

# सांस्कृतिक संस्थान

# जमल, काठमाडौं ।

<u>चमेना गृह सञ्चालन सम्बन्धी शर्तहरु:</u>

१) चमेना गृहबाट उपलब्ध हुने खाद्य तथा पेय पदार्थको दररेट प्रचलित बजार रेट भन्दा बढी हुन नपाउने र सेवाग्राहीलाई उपलब्ध गराउने खाद्य तथा पेय पदार्थको विवरण र सो को मूल्य तयारी गरी सांस्कृतिक संस्थान बाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ ।

२) चमेना गृह सांस्कृतिक संस्थानको समय तालिका अनुसार सञ्चालन गर्नु पर्नेछ ।

३) चमेना गृहमा स्वस्थ, पोषणयुक्त, गुणस्तरीय र ताजा खाद्य तथा पेय पदार्थ मात्र बिक्री वितरण गर्नु पर्नेछ ।

४) बिक्री गरिने खाद्य तथा पेय पदार्थको मूल्य सूची स्पष्ट रुपमा देखिने गरी राख्नु पर्नेछ ।

५) खाद्य स्वच्छताको आधारमा होटल तथा रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ बमोजिम चमेना गृह परिसर सधै सफा र व्यवस्थित हुनु पर्दछ र चमेना गृहमा काम गर्ने कर्मचारीहरु स्वस्थ र सफा हुनु पर्दछ ।

६) चमेना गृह सञ्चालनको लागि आवश्यक पर्ने विद्युत महसुल चमेना गृह सञ्चालक आफैले व्यहोर्नु पर्नेछ ।

७) चमेना गृह सञ्चालकले सांस्कृतिक संस्थानका नीति नियम र निर्देशनहरु अनिवार्य पालना गर्नुपर्नेछ ।

८) संस्कृतिक संस्थाले दिएका निर्देशनहरु बारम्बार पालना नगरेमा चमेना गृह सञ्चालक सँग गरिएको सम्झौता संस्कृतिक संस्थानले जुन सुकै बखत भंग गरी प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

९) चमेना गृह सञ्चालनका लागि चाहिने फर्निचर, विद्युतीय सामाग्री, Sanitary Ware लगायत डेकोरेशन सम्बन्धी सामानहरु सञ्चालक आफैले व्यवस्था गर्नुपर्नेछ ।

१०) सांस्कृतिक संस्थानले उपलब्ध गराएको चमेना गृहको साविक संरचनालाई थप आकर्षण बनाउन इच्छुक भएमा सांस्कृतिक संस्थानको स्वीकृति लिई आल्मुनियम वा सो सरहका अस्थायी प्रकृतिका सामानहरु मात्र प्रयोग गर्न पाउने।

- कुल क्षेत्रफल
- किचन क्षेत्रफल- ११ फिट x १३ फिट = १४३ वर्ग फिट
- काउन्टर क्षेत्रफल- १० फिट x ९ फिट = ९० वर्ग फिट
- सिटिङ एटिक क्षेत्रफल- १० फिट x ११ फिट = ११० वर्ग फिट
- बाहिर खुला स्पेस -३२ फिट x ९ फिट = २८८ वर्ग फिट
- हल नजिक/बाहिर क्यាफे क्षेत्रफल- ७ फिट x २० फिट = १४० वर्ग फिट
- स्टोर क्षेत्रफल- ४.५ फिट x ८ फिट = ३६ वर्ग फिट रहनेछ ।

महाप्रबन्धक

**घरभाडा र विद्युत महशुल सम्बन्धी शर्तहरु:**

- भाडा रकम र मिटरमा उठेको युनिटको आधारमा प्रचलित दर अनुसारको विद्युत महशुल वापत हुन आउने रकम प्रत्येक महिनाको अन्त्यमा संस्थानले तोकेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।
- तोकिएको अवधिमा घरभाडा वा विद्युत महशुल नबुझाएमा प्रचलित कानून बमोजिम संस्थानले निर्णय गर्नेछ ।

- कबोल गरको भाडामा वार्षिक ५ प्रतिशतका दरले भाडा रकम वृद्धि हुनेछ । चमेना गृह सञ्चालनको सम्झौता अवधि २ बर्षको हुनेछ। अर्को खरिद प्रकृयाको टुंगो नलागेसम्म संस्थानले आवश्यक ठानेमा सो अवधि बढाउन सक्नेछ ।

**कार्यसम्पादन जमानत सम्बन्धी शर्तहरु:**

- सम्झौता गर्ने समयमा बोलपत्र दाताले कबोल अंकको ३ गुणाले हुन आउने रकम कार्यसम्पादन जमानत बैक ग्यान्टी वा नगद धरौटीको रुपमा संस्थानमा पेश गर्नुपर्नेछ। यो जमानत करार अवधि समाप्त भएपछि र बोलपत्र दाताले आफ्नो दायित्व पुरा गरेपछि मात्र फिर्ता गरिने छ ।

**पेश गर्नुपर्ने कागजातहरुः-**

- फर्म/ व्यावसाय/कम्पनी दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर (PAN) / मूल्यअभिवृद्धि कर (VAT) दर्ताको प्रमाण पत्र
- आ.व.२०८१/८२ को करचुक्ता प्रमाण पत्र वा आय विवरण दाखिला गरेको प्रमाण
- रु.१००० को सांस्कृतिक संस्थानको निम्न खातामा जम्मा गरेको दस्तुर रसिद ।
  Account holder name: SANSKRITIK SANSTHAN
  Account Number: 10200105200013
  Branch: Jamal branch

**बोलपत्रदाता छनोटको आधारः-**

कर समेत न्यूनतम मासिक भाडा रु ६६,००० (अक्षरूपी छैसठ्ठी हजार) मात्र भन्दा बढी कबोल गरेको आधारमा बोलपत्रदाता छनोट गर्न सकिने छ ।

**बोलपत्र खोल्ने मिति र समय**

मितिः२०८३/०२/२० गते

समयः दिनको २ बजे

उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा खोलिने छ ।

महाप्रबन्धक